मिति २०७७/१/२४ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ७३/२०७७ का निर्णयहरू:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/५२/२६३-२०७७/०१/२३ को "प्रदेश निजामति कर्मचारी सरुवा तथा काज सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम परिमार्जन गरी अन्य कुराहरु प्रस्तावमा लेखिएबमोजिम गर्नेः-

(क) दफा ४ को उपदफा (१) को खण्ड (क) मा रहेको "१५" भन्ने अङ्कको सट्टा "१" कायम गर्ने ।

(ख) दफा ४ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) कायम गर्ने ।
"खण्ड (ग) बमोजिम सरुवा गर्दा अनुसूची -१ बमोजिमको भौगोलिक बर्गिकरणलाई ध्यानमा राखी सबै भौगोलिक क्षेत्रको अनुभव हासिल हुने गरी सरुवा गरिनेछ ।"

(ग) दफा ६ को उपदफा (९) मा रहेको "पाँच" भन्ने शव्दको सट्टा " चार " कायम गर्ने ।

(घ) दफा ८ मा रहेको " २१ " भन्ने अङ्कको सट्टा " १५ " कायम गर्ने ।

(ङ) दफा ११ मा रहेको " ३५ " भन्ने अङ्कको सट्टा " १५ " कायम गर्ने ।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/३५/२६०-२०७७/०१/२२ को "इन्धन तथा खाजा खर्च" सम्बन्धी प्रस्तावमा देहायबमोजिम गर्नेः-

"आर्थिक अनुशासनको पूर्ण रुपमा पालना सहित प्रचलित कानून बमोजिम गर्ने गरी प्रस्तावमा लेखिए बमोजिमको कामको प्रयोजनार्थ प्रत्येक जिल्ला समन्वय समितिलाई आर्थिक मामिला तथा योजना मन्त्रालयले एकलाख पचास हजार रुपैयाँका दरले रकम निकासा दिने।"

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/३६/२६४-२०७७/०१/२४ को "अनुदान उपलब्ध गराउने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने ।

"प्रस्तावका सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. १०९६(क), मिति २०७७/१/२४ को पत्रबाट प्राप्त सहमतिपत्रमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्ने एवं आर्थिक अनुशासन कायम हुने गरी प्रचलित कानून बमोजिम गर्न प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

४. भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रस्ताव नं. ६/६/२५५-२०७७/०१/२२ को "खरिद सम्झौताको म्याद थपको लागि अख्तियारी प्रदान गर्ने" विषयक प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्नेः-
"सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको दशौं संशोधनबाट कायम भएको कानूनी प्रावधानहरुको अधिनमा रही सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ मा व्यवस्था गरिएको शर्त बन्देज तथा कानूनी प्रावधान बमोजिमका सम्पुर्ण प्रकृयाहरु पूरा गरी सार्वजनिक निकाय वा आयोजनाहरुलाई थप कुनै आर्थिक व्ययभार नपर्ने गरी ऐ. नियमावलीको नियम १२० को उपदफा ६ बमोजिम गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयको सचिवलाई एक पटकका लागि अधिकार प्रदान गर्ने ।"

५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/२६/२५६-२०७७/०१/२२ को "वन मुद्दाको अनुसन्धान तथा तहकिकातका लागि अनुसन्धान अधिकृत तोक्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्ने गरी प्रस्तावमा लेखिए वमोजिम गर्ने ।"

६. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/२७/२५७-२०७७/०१/२२ को "नविन उद्यम स्थापनाका लागि अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने ।"

७. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/२८/२५८-२०७७/०१/२२ को “लघु वा घरेलु उद्योग स्थापनाको लागि अनुदान वितरण सम्बन्धी निर्देशिका, २०७६ स्वीकृत गर्ने” सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

“उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको च.नं. १२५९ (क), मिति २०७७/१/१८ को पत्रबाट उक्त प्रस्ताव फिर्ताका लागि लेखि आएको देखिदा सो प्रस्ताव सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने ।”

८. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/५२/२५९-२०७७/०१/२२ को “प्रिफ्याब भवन निर्माणको लागि स्थान तोक्ने सम्बन्धी प्रस्ताव स्वीकृति गर्ने ” सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

“जिल्ला समन्वय समितिको कार्यालय, धनगढी, कैलालीको कर्मचारी आवास भवन (गेष्ट हाउस) र सोको परिसर समेत प्रयोग गर्ने गरी उक्त ठाउँलाई स्वास्थ्य कार्यालय कैलालीको प्रिफ्याव भवन निर्माण प्रकृया शुरु गर्न साथै जग्गा प्राप्तिको लागि नेपाल सरकार समक्ष लेखी पठाउने ।”

९. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/३८/२६१-२०७७/०१/२२ को “प्रदेश सहकारी रजिष्ट्रार अधिकारी तोक्ने” सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

“भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा कार्यरत रा.प. द्वितीय श्रेणी (उपसचिव) वा सो सरहको कुनै अधिकृत कर्मचारीलाई मन्त्रालयले रजिष्ट्रार अधिकारी तोक्ने।”

१०. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/३९/२६२-२०७७/०१/२२ को “प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत रहने अस्थायी कार्यालय तथा अस्थायी दरवन्दी स्वीकृत गर्ने” सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

“आर्थिक मामिला तथा योजना मन्त्रालयको राय परामर्श तथा सहमति साथ प्राप्त शर्तहरुको अधिनमा रही प्रदेश सरकारलाई थप आर्थिक दायित्व सृजना नहुने गरी मौजुदा कर्मचारीबाटै अस्थायी कार्यालय सञ्चालन गर्ने र कुनैपनि कर्मचारी करारमा भर्ना नगर्ने गरी प्रस्ताव बमोजिम अस्थायी कार्यालय र दरवन्दीहरु स्वीकृत गर्ने ।”

११. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/४८/२१७-२०७६/०९/२० को सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा स्वीकृत गर्ने र सो स्वीकृत मस्यौदा विधेयक आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश सभामा पेश गर्ने स्वीकृति प्रदान गर्ने सम्बन्धी प्रस्ताव प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/०९/२१ गते बसेको ६४ औं बैठकमा पेश हुँदा प्रशासन तथा विधेयक समितिमा पठाई समितिको निर्णय बमोजिम गर्ने भन्ने निर्णय भएकोमा सो प्रस्ताव प्रशासन तथा विधेयक समितिको मिति २०७६/०९/२५ को बैठकमा पेश हुँदा विधेयकको प्रावधानका सम्बन्धमा छलफल जारी राख्ने निर्णय भएकोमा पुन: मिति २०७७/१/२४ गते सो समितिको वैठकमा उक्त प्रस्तावसाथ पेश भएको विधेयकको मस्यौदा उपर छलफल गरी परिमार्जन सहित समितिका संयोजक माननीय भौतिक पूर्वाधार विकास मन्त्रीको प्रतिवेदन माननीय मुख्यमन्त्रीज्यू मार्फत प्रदेश सरकार (मन्त्रिपरिषद्) को वैठकमा आवश्यक निर्णयार्थ पेश हुन आएकोमा सो सम्बन्धमा देहाय बमोजिम गर्नेः-

“प्रदेश मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिका संयोजक माननीय भौतिक पूर्वाधार विकास मन्त्रीको प्रतिवेदन साथ परिमार्जन सहित प्रदेश सरकार (मन्त्रिपरिषद्) को वैठकमा पेश भएको सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा स्वीकृत गर्ने र सो स्वीकृत मस्यौदा विधेयक आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश सभामा पेश गर्ने स्वीकृति प्रदान गर्ने।”

१२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/३५/२३७-२०७६/११/१९ को सुदूरपश्चिम प्रदेशको सहकारी नियमावली, २०७६ लाई स्वीकृति दिने सम्बन्धी प्रस्ताव प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/११/२० गते बसेको ६७ औं बैठकमा पेश हुँदा प्रशासन तथा विधेयक समितिमा छलफलका लागि पठाउने भन्ने निर्णय भएकोमा प्रशासन तथा विधेयक समितिको मिति २०७७/१/२४ गतेको बैठकमा उक्त प्रस्तावसाथ पेश भएको नियमावलीको मस्यौदा उपर छलफल गरी परिमार्जन सहित समितिका संयोजक माननीय भौतिक पूर्वाधार विकास मन्त्रीको प्रतिवेदन माननीय मुख्यमन्त्रीज्यू मार्फत प्रदेश सरकार (मन्त्रिपरिषद्) को बैठकमा आवश्यक निर्णयार्थ पेश हुन आएकोमा सो सम्बन्धमा देहाय बमोजिम गर्नेः-

"प्रदेश मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिका संयोजक माननीय भौतिक पूर्वाधार विकास मन्त्रीको प्रतिवेदन साथ परिमार्जन सहित प्रदेश सरकार (मन्त्रिपरिषद्) को बैठकमा पेश भएको सुदूरपश्चिम प्रदेशको सहकारी नियमावली, २०७६ को मस्यौदालाई स्वीकृति प्रदान गर्ने ।"